'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ५९ | शनिवार १० कार्तिक, २०८१ | 26 (Saturday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## भेगीय बन्धुत्व र सामजसेवामा समर्पित हुन

# आज कोहलपुरमा हुम्ली एकता समाजको भेला हुँदै

### *"सामुहिक जमघट हाम्रो आवश्यकता, बाँकेमा हुम्लीहरुको एकता र साँस्कृतिक संरक्षणको सुनिश्चितता"*

■ नमस्ते समचारदाता

कोहलपुर, कार्तिक/०९

*"सामुहिक जमघट हाम्रो आवश्यकता, बाँकेमा हुम्लीहरुको एकता र साँस्कृतिक संरक्षणको सुनिश्चितता"* भन्ने नारा सहित आज(शनिबार) हुम्ला जन्मथलो भई विभिन्न पेशा, व्यवसाय, जागिर गर्दै बाँकेमा बसेका तथा बसाइसराई गरी बाँकेमा आएका हुम्लीहरुको बृहत् भेला कोहलपुरमा रहेको मिनी ट्रि टप रेस्टुरेण्टमा आयोजना गरिएको छ । २०८१ सालको शुभ-दीपावली, छठ तथा नेपालसम्बत ११४५ को अवसरमा शुभकामना आदानप्रदान तथा हुम्ली एकता समाज गठन गर्ने सम्बन्धमा ब्यापक छलफल गरिने कार्यक्रम समेत रहेको हुम्ला घर भई करिब १५ वर्ष देखि कोहलपुरमा पत्रकारिता गर्दै आएका नमस्ते कर्णाली दैनिकका प्रकाशक अशोक भण्डारीले जानकारी गराएका । विगत लामो समय देखि कर्णाली प्रदेशका अधिकांश मानिसहरुको विभिन्न पेशा, व्यवसायी गरेर बाँकेका विभिन्न स्थानमा बसिरहेका, जागिर वा अन्य पेशामा रहेर बाँकेलाई कर्मथलो बनाइ बसेका, जन्म थलो हुम्ला भएका तर बसाइसराई गरी बाँके आएका तथा हुम्लामा पनि घर रहेका र बाँकेमा पनि घर बनाई बसिरहेका सम्पूर्ण हुम्लीहरुको बिच बन्धुत्व र एकता कायम राख्दै मानव सेवामा सहयोग गर्ने उद्देश्यले हुम्ली एकता समाज गठन गर्न लागेको आयोजकले जानकारी गराएका हुन । ७ वटा स्थानीय तह रहेको हुम्ला जिल्लाका प्राय सबै स्थानीय तहहरुबाट नै मानिसहरु कुनै न कुनै कामका लागि बाँके आएर बसेका छन् । अहिले पनि कर्णाली प्रदेशका अधिकांश जिल्लाहरु नेपालको दुर्गम हिमाली जिल्लाहरुमै पर्दछन् । त्यहाँका सबै नागरिकहरु बिरामी हुँदा भरपर्दो र विशेषज्ञ स्वास्थ्य सेवा लिन पनि बाँकेकै विभिन्न अस्पतालहरुमा आउनु पर्ने बाध्यता छदैछ । उपचारकै लागि पनि हुम्लाबाट बाँके आउदा उनीहरुलाई आइपर्ने विभिन्न समस्याहरुमा सहयोगी भूमिका निर्वाह गर्न पनि हुम्लीहरुको एकता हुनु आवश्यकता महशुस गरिएको हुम्लाको ताजाकोटबाट बाँकेको नेपालगञ्जमा आई व्यवसाय गरिरहेका चक्र मल्लले बताए । त्यस्तै हुम्लाको अदानचुलीबाट बाँकेको कोहलपुरमा आई स्वास्थ्य सेवाका नोकरी गरिरहेका अमरसिंह महतारा भने, ' हाम्रो हुम्लाबाट अधिकांश विरामी भएर आउनेहरु हुन्छन् । उनीहरु सँग औषधी उपचार गर्न आर्थिक समस्या पनि हुन्छ । अर्थात अभावका कारण समयमा औषधी उपचार गर्न नपाउने अवस्थामा त्यस्ता व्यक्तिहरुलाई आर्थिक सहयोग गर्न पनि हुम्लीहरुको एकता, बन्धुत्व र आपसी सहयोग आदानप्रदान आवश्यक छ । त्यसका लागि पनि हुम्लीहरुलाई संगठित गर्न आवश्यक छ'। आज(शनिबार) हुने हुम्लीहरुको भेलामा पहिलो चरणमा शुभकामना आदान प्रदान कार्यक्रम हुने छ भने दोश्रो चरणमा हुम्ली एकता समाजको गठनको बारेमा सामान्य अवधारणा प्रस्तुत गरिने छ । तत्पश्चात सो अवधारणा माथि छलफल गरी हुम्ली एकता समाजको तदर्थसमिति गठन गरिने कार्यक्रम रहेको अशोक भण्डारीले बताए। हुम्ली एकता समाज गठन गरेर यसले हुम्लाबाट बाँके आएका हुम्लीहरुलाई पर्ने विभिन्न समस्याहरुमा सहयोग गर्ने छ। जस्तैः बिरामी भई आएका हुम्लीहरुलाई आवश्यक पर्ने र गतको व्यवस्थापन गर्ने, हुम्लाको स्थानीय लोकसांस्कृतिको बाँकेमा पनि प्रचार प्रसार गर्दै नयाँ पुस्तामा यसको संरक्षण गराउने, हुम्लामा हुने प्राकृतिक र जैविक विविधता र त्यसको महत्व बारे पहिचान गराउने तथा बजारीकरणको व्यवस्था समेत गर्ने गराउने विषयमा यो हुम्ली एकता समाजले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ। आज(शनिबार) हुन लागेको भेलाबाट हुम्लीहरुमा एकता र बन्धुत्व कायम छ भन्ने सन्देश समेत प्रवाह हुने महतराले बचाए।




# पर्यटन प्रवर्द्धन गर्न कृतिम ताल निर्माण गदै स्थानीयहरु

■ नमस्ते समचारदाता

सुर्खेत, कार्तिक/०९

पश्चिम सुर्खेतको चौकुनेमा पर्यटन प्रवर्द्धनका लागि कृतिम रुपमा बृहत् ताल निर्माण गर्न लागिएको छ । गाउँपालिकाको वडा न. ६ र ७ को सिमानामा सो ताल निर्माण गर्न लागिएको हो । गत आर्थिक वर्षदेखि ठेक्का सम्झौता गरेर चार हेक्टर क्षेत्रफलमा बृहत् ताल निर्माण कार्य सुरु गरिएको जनाइएको छ । ताल संरक्षण, बाँध तथा नहर निर्माणका लागि ठेक्का सम्झौता गरी काम अघि बढाइएको खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय सुर्खेतले जनाएको छ। १६ करोड ६७ लाख रुपियाँको बजेटमा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय सुर्खेत र एप्लाइट इन्जिनियरिङ प्रालि ललितपुर बिच २०८१ जेठ १६ गते ठेक्का सम्झौता गरिएको हो । सम्झौता अनुसार



२०८३ असार मसान्तसम्म बाँध तथा नहर निर्माणको काम सम्पन्न गर्नुपर्ने छ । यहाँ ताल निर्माण गरी पर्यटकीय क्रियाकलाप सुरु गर्ने लक्ष्य अनुरूप ताल निर्माणको काम थालिएको निर्देशनालयले जनाएको छ । जुम्ल्याहा मूल ताललाई पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्ने सोचसहित ताल निर्माण सुरु गरिएको निर्देशनालयका निर्देशक श्रीधर भट्टराईले बताए । भट्टराईका अनुसार बहुवर्षीय ठेक्का सम्झौता गरेर काम अघि बढाइएको छ। चार हेक्टर क्षेत्रमा ताल निर्माण गरिने उनले जानकारी दिए । जग्गा प्राप्तिका लागि गाउँपालिकाले समेत पहल थालेको छ। स्थानीयको ३५ रोपनी जग्गा ताल निर्माणका क्रममा प्रभावित हुने भएकाले उचित मुआब्जा उपलब्ध गराएर ताल निर्माण गर्न लागिएको चौकुने गाउँपालिकाले जनाएको छ। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि ताल निर्माण गर्न लागेको गाउँपालिकाका अध्यक्ष खड्क विकले बताए । ताल निर्माणका लागि गाउँपालिकाले समन्वयको काम गरिरहेको बिकको भनाइ छ । तालको वरिपरि फुटपाथ, उद्यान, विभिन्न पर्यटकीय संरचना र प्राकृतिक सौन्दर्यका लागि काम गर्ने योजना रहेको अध्यक्ष विकले जानकारी दिए।

*बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

# गुमनाम माड्सापको किताबखाना

चन्द्र घिमिरे

यो त्रिपन्न वर्षसम्म नलेखिएको 'ओबिच्युरी' हो । अहँ, कसैले लेखेन । ऊबेला बच्चै त थिएँ म । उमेर सात वर्ष पुगेकै थिएन । २०२९ साल जेठ टेकेको एउटा बेकामे दिन ! बेकामे यस मानेमा कि उखरमाउलो गर्मी थियो । मानौं सूर्यदेव सातवटा घोडाले तान्ने रथ चढेर धरानकै नजिकैबाट ब्रह्माण्डको यात्रामा निस्कँदै थिए । जेठ लागेको याम र चर्केको घामले पिरोलिएर स्कुलबाट घर पुग्न आतुर थिएँ म । हिँड्न झर्को लागिरहेथ्यो । सधैं हिँडिरहेको बाटो त्यो दिन अचाक्ली लामो भएजस्तो लागिरहेथ्यो । कम्तिया टोल भन्थे हामी बस्ने गरेको धराने टोललाई । भुरुप्प टाँडे काठेघरहरू थुप्रिएर उभिएको । रंग नपाएका तख्ताले आफ्नो रंग पनि बिर्सिसकेको देखिने । ज्यादै पुरानिएपछि कालाम्मे भएका काठेघरहरू । छाएको टिनाको छानो खियाएर थप बेरूप छँदै थिए । अचेल फुलेका कपालधनीले र गाएर राताम्मे बनाएको टाउकोजस्तो देखिन्थ्यो हरेक घरको जस्ताको छानो । जब म घर नजिक पुगें, कानमा ठोकिन आइपुग्यो, अनौठो आवाज । मान्छे रोएजस्तो र कोही चिच्याएजस्तो । एकोहोरो, कोकोहोलो । टोलको मुखमा आइपुग्दानपुग्दै त्यो आवाज अझ चर्को हुँदै गयो । जब म घरछेउ आईपुगें, त्यो आवाजले मलाई नजानिँदो गरी अत्याउन थाल्यो । कान अझ चनाखो पारें । आवाज त्यहींबाट आउँदै थियो, जुन घरमा हामी बस्थ्यौं । खासमा हामी त्यो घरको भुइँतलामा आश्रय लिएर बस्ने गर्थ्यौं । बुबाको सहोदर फूपू-फूपाजुको घर थियो त्यो । तलामाथि बरन्डामा चलेको रुवाबासीले कोठामै नपसी म सिधै तलामाथि पुगें । देखें, मेरी आमालाई पनि रुवाबासी गरिरहेको भीडको बिचोबीच । उनका आँखा आँसुले भरिएका थिए र धेरै बेरदेखि रोएर होला थकित थियो । आमालाई देख्नासाथ, मेरो डर हलक्कै बढ्यो । बुबा भारतमा लाहुरे । दिनरात लडाइँमा खटिनुपर्ने दिनचर्या थियो । छुट्टी हुँदो घर आउँदा बुबाको मुखबाट लडाइँको कथा सुन्ने आदत बसेको थियो ममा । बुबा दूरदेशमा हुँदा कहिलेकाहीं आमा यसै नराम्ररी झोक्राइरहनुभएको देखेथें । खराब सपना देखेको गुनासो गर्नुहुन्थ्यो अक्सर । 'तैंले खराब सपना देखे मलाई हत्तारहत्तार सुनाउने हैन नि !' मलाई सचेत गराइरहनुहुन्थ्यो । ओछ्यानबाट उठ्नासाथ नबोली अनेक विधि गर्न सिकाउनुभाथ्यो । सपनाको दोष टार्न भनेर । म चुपचाप त्यही गर्थें । सम्झिहेरें, गएको रात मैले खराब सपना पनि देखेको थिइनँ । घरको अवस्था यस्तो थियो कि इन्डियातिरको लडाइँको खबर रेडियोले फुक्दा आमा यत्ता आतंकित हुनुहुन्थ्यो । आमासँगै हामी पनि त्रासमा बाँच्थ्यौं । त्यस्तो बेला, आँगनको डिलमा बसेर जब काग कराउँथ्यो, आमाको कन्परा तात्थ्यो । किन यति धेरै डराउनुहुन्छ मेरी आमा ? मेरो मनमा प्रश्न मडारिन्थ्यो । सायद आमाको मन अत्तालिएको बेला मलाई सोध्नुहुन्थ्यो, 'बुबालाई तलमाथि केही भइहाले जेठो बाठो तैं होस्, हाम्लाई पाल्नुपर्छ तैंले ।' म आज्ञाकारी भएर सजिलै भनिदिन्थे, 'हुन्छ आमा ।' मेरो



माड्साप मास छर्न हिंडेको आधा शताब्दी भइसकेछ । पछि उदाएका धेरै सहर-सेवीले सहरलाई रोजे र राजधानीमै बसे, इतिहासले तिनकै बखान लेखिरह्यो । तर, अझै गुमनाम छन् ती माड्साप ।

जवाफले आमा कति आश्वस्त हुनुहुन्थ्यो मलाई थाहा छैन । तर पनि मेरो 'हुन्छ' सुनेपछि उहाँको अनुहारमा लागेको बादल अलि फाट्थ्यो । तर, म भने न त आमाको प्रश्नको गहिराइ बुझ्थें, न त चुनौतीको पहाडलाई चिन्थें । अहिले आएर मलाई लाग्छ, म उमेरभन्दा छिटो हुर्केको नादान बालक रहेछु । मलाई जिन्दगीमा रोजीरोटीको लडाइँ कति निरङ्कुश र लम्बेतान हुन्छ भन्ने थाहै रैनछ । केहीबेर उभिएपछि मेरो बालमस्तिष्कले ठम्यायो -घरमा ठूलै अनिष्ट भएछ ! छेउमा उभिएकी मभन्दा अल्लि ठूली सोही घरकी सावित्री दिदीलाई यसो कोट्याएँ । खासमा मैले सोध्न मिल्ने तीनै दिदी मात्रै अलि सद्दे अवस्थामा थिइन् त्यहाँ । सुकेका आँसुले टाटा बसिसकेका गाला एकफेरा पुछिन र सुकसुकाउँदै बोलिन् 'ठाइँला काका बितुभो ।' मेरा बुबाका फूपू दिदीका छोरा भएसी नाताले ती मेरा पनि काका थिए । तर, मलाई परेको गाह्रो के थियो भने मैले ती बितिजाने काकालाई देख्न, भेट्न कहिल्यै पाएको थिइनँ । यसले गर्दा ती काकाको तस्बिर अनेक बल गर्दा पनि सम्झनामा आएन । यसको कारण थियो हामी नै प्रवासबाट भर्खरै मात्रै नेपाल पसेका थियौं । मेरा लाहुरे बुबाले आफ्नो पारिवारिक गोठ भारतको नागालैन्डबाट भर्खरै धरान सार्नुभएको थियो । यता आइपुगेको ६ महिना पनि पुगेको थिएन होला । त्यो रुवाबासीमा मेरो बाल कौतूहलता थप जान्न चाहन्थ्यो, सोध्न चाहन्थ्यो । तर मेरो कुरा सुन्ने न कसैसँग मुड थियो, न सोध्ने मसँग आँट थियो ! निरुपाय म त्यो हूलको एकछेउ टुसुक्क बसें । धेरैबेरसम्म बसें जबसम्म म थाकिनँ । घाम ढल्दै गयो र अँध्यारोले छोप्दै ल्यायो । कोलाहल बिस्तारै मुर्दाशान्तिमा बदलियो । एकेक गर्दै सबै उठे । म पनि उठें । त्यतिन्जेलसम्म ठाइँली काकीलाई सेतो आवरणले छोपिसकेथ्यो । त्यस दिनदेखि निरन्तर मैले काकीलाई सेतो आवरणमा देखें । पहिलोपल्ट जीवनमा मैले देखिरहेको थिएँ, श्रीमान् गुम्नासाथ श्रीमतीका सबै रङहरू हेर्दाहेर्दै हरिँदो रहेछ । जीवनका सबै उमंगहरू खोसिँदो रहेछ । ढिलो गरी थाहा पाएँ, मैले । त्यो समयमा फोन थिएन । ती काका बितेको खबर आवाबाट आएको रहेछ । समयले कतिसम्म क्रूर मजाक गर्न सक्छ ? त्यो आवा घरमा आउँदाखेरि काकी भने पोते बुन्न मग्न हुनुहुन्थ्यो रे ! ठाइँली काकी इटहरीको हलगढातिर माइतीहरूसँग बस्न थाल्नुभो । म सानै उमेरदेखि धरानबाट कहिले विराटनगर, कहिले मोरङको बाहुनीसम्म ओहोरदोहोर गरिरहन्थें । त्यसबेला धरानबाट बस गुड्नासाथ छेउको मान्छेसँग चिनाजानी गर्न नपाउँदै चारकोसे वनभित्र बस घुस्थ्यो । कन्डक्टर लाई भाडा तिर्दानतिर्दै तरहराको कृषि फार्म फुत्त आँखामा देखा पर्थ्यो । हरियो धानखेत, बगिरहेका कुलो पैनी र अग्लाअग्ला सिमलका रुखहरू हेर्दै तरहराबाट इटहरी पुगिन्थ्यो । यता मेरो बाल्यकाल र किशोरकाल जारी नै थियो । राजमार्गबाट दौडिँदा इटहरीभन्दा केहीवर हलगढातिर सेतो आवरणमा देखिने त्यही ठाइँली काकीलाई मेरा आँखाले छापछाप्ती खोज्ने गर्थे । बेगवान भागिरहेको बसको झ्यालबाट ती काकीलाई कतै देख्छु कि भनेर च्याउँथे । एकाधपल्ट देखें पनि । काकीलाई नदेख्दा पनि काकीको घर भने हाइवेबाट टलक्कै देखिन्थ्यो । हरियो खेतको माझमा खडा घरले पनि सेतो आवरण ओढेको देख्थें । सेतो चुना पोतेको । यसरी धेरै पछिसम्म पनि त्यो बाटो हिँड्दा काकी र सेतो रंगले मलाई बिथोलिरहे । काकी बेलाबेला इटहरीबाट धरान आईजाई गरिरहनुहुन्थ्यो । हामीले पछि साँधैमा घर बनाएको हुनाले उहाँ आए-गएको सजिलै देखिन्थ्यो । काकी धरान आउँदा एउटा सुन्दर क्यानभास प्रकट हुने गर्थ्यो । त्यो थियो काकीको निरस जीवनको एक्लो साथी, छोरा नवराज । नवराज जन्मिँदा ठाइँला काका काठमाडौंतिरै । काठमाडौंमा पढिसकेर काभ्रेको एउटा गाउँमा मास्टरी गर्दै हुनुहुँदो रहेछ । समयको लीला यस्तो भयो कि न छोराले बुबाको काख पाएको, न त बुबाले छोरा देख्न भ्याएको । छोरा जन्मेको चारै महिनामा बितेको श्रीमान्को भयंकर कथा एकातिर थियो काकीसँग । काकीको काखमा श्रीमान्को नासो छोरो थियो अर्कोतिर । यत्रतत्र छरिएका थिए दुःखका कथा । अनिश्चितताका कथारु अँध्यारोका कथा । श्रीमान्सँगको वियोगको कथा । बेलाबेला काकी सँगसँगै गुडकिँदै नवराज धरानको त्यो छिमेकी घरमा आएको देख्दा म त्यसैत्यसै रोमान्चित बन्थें । किन होला थाहा छैन । यतिन्जेल म सम्भवतः किशोर वयमा उक्लिसकेथें । कमसेकम दसबाह्र वर्षको काँचो ठेट्नो थिएँ हुँला । उसलाई नजिकबाट हेर्न मन लाग्थ्यो । छुन मन लाग्थ्यो । घरमा मेरो सहोदर भाइ त छँदै थियो । किनकिन ऊ पनि आफ्नो भाइ जस्तो लाग्थ्यो । ऊ धेरैबेर बसिदिए हुन्थ्यो जस्तो लाग्थ्यो । तर, ऊ प्रायःजसो आएकै दिन इटहरी फिर्थ्यो । आमाको पछिपछि आउँथ्यो, र पछिपछि जान्थ्यो । गाईको मायालु बाछो जस्तो ऊ । एउटा उच्चाटलाग्दो दृश्य म हरेकचोटि मेरो घरको बार्दलीबाटै देख्ने गर्थे । खासगरी तिनै काकी आएको बेलामा । धरानको त्यो छिमेकी घरबाट निक्लिँदा काकी अक्सर रुँदै निक्लेको देख्थें । आँसु पुछ्दै हतारहतार त्यो घरको गेटबाट बाहिर हुत्तिँदै फिरेको देख्थें । सोध्न त मलाई मन थियो, किन र कस्तो भल्केनो दन्किरहेको छ काकीको छातीभित्र ? एउटी अबला र टुहुरो छोरा सम्हालेकी कलिली एकल आमाले किन यसरी रुँदै हिँड्नुपर्छ ? यस्ता हजार प्रश्न थिए सोध्नलाई मभित्र उम्लिरहेका । तर, कसलाई र कसरी सोध्ने म किशोरसँग उपाय थिएन । यसबीच आनन्दानुभूति पनि गर्थे मैले । नवराज जो आमाको औंला समाउँदै धरानको छिमेकी घरमा आउँथ्यो, हरेकपल्ट अलिकति अग्लेर आएको देख्थें । त्यसले मलाई चौबीस क्यारेटको नजानिँदो खुसी दिन्थ्यो । उसले कक्षा उक्लेको सुन्दा मैले खुसीको बोनस पाउँथें । आखिर ऊ र मबीच ६ वर्षको त अन्तर रहेछ । त्यसैताका, एकदिनको कुरा हो, काम थिएन । गर्मीको महिना थियो । मिनपचासको छुट्टीले म यसै बराला थिए । चकचक गरिबस्नुपर्ने । कुन उत्प्रेरणाले हो थाहा छैन, म ठाइँला काकाको घरको बुइँगलतिर उक्लिएँ । गर्मीले तातेको जस्तापाताको पर्वाह नगरी म बुइँगलमा धुनमुन गर्न थालें । आजभोलि जस्तो लामो छुट्टीमा हेर्नलाई टीभी थिएन, घुम्न जाने ठाउँ र पैसा थिएन । सायद यस्तै बेला कुन सर्को मलाई किताबको भोक लाग्न थालिसकेथ्यो । किताब खोजिहिँड्थें । बुइँगलमा काकाका पुराना किताबहरू असरल्ल रहेछन् । धूलोले पुरेका, च्यातिएका र मक्काएका । मैले केही किताब उठाएर धूलो टकटकाउँदै बुइँगलबाट झरें । तर झर्दा किताब मात्र होइन, मलाई पनि टकटकाउनुपर्ने भएछ । आमाले भेट्नुभएको भए यस्तो बेला मलाई मज्जाले पड्काउनु हुन्थ्यो । मैले भेटेमध्येको एउटा थियो 'बीके बासु'को अल्जेब्रा किताब । मलाई लाग्छ, त्यो किताब सन् १९५०-६० तिर छापिएको हुनुपर्छ । पछि म जागिरे भई सन् २०१२ देखि चार वर्ष कोलकातामा बिताएँ । त्यो अल्जेब्रा पढ्दै हुर्केको सगर्व दाबी गर्ने पुस्ताका कतिपय जीवित बंगाली हजुरबाहरू कोलकातामा भेटेथें । नेपालमा पनि थुप्रै नेपाली हजुरबाहरू भेटेको छु, जसले बीके बासुको अल्जेब्रा छिचोलेर अल्जेब्रा सिकेको रोमाञ्चक कथा जिब्रो पड्काउँदै सुनाउँथे । तिनै बासुको पूरा नाम मैले निकै ढिलो गरी थाहा पाएँ । ती त कालीपादा बासु पो रैछन् । बीके बासुको त्यो लिजेन्डरी किताबको इतिहास सुन्दा म तिलमिलाएँ । उहिल्यै सन् १८९० मा कलकत्ताबाट पहिलो संस्करण छापिएको किताब रैछ त्यो, अंग्रेजकालीन समयमै । काकाको किताबखानामा भेटेको त्यो अल्जेब्रा किताबसँग म निकै चुम्बकिएँ । जब मैले त्यो किताब पल्टाउन थालें, दोस्रो वा तेस्रो पानातिर हुनुपर्छ ठाइँला काकाको नाम हस्ताक्षर भेटाएँ । अझै मेटिएको थिएन । तथापि लेखेको मसी भने निकै उडिसकेको थियो । देखेपछि मैले श्रद्धापूर्वक ती अक्षरहरूलाई सुमसुमाएँ । त्यहाँ पुराना शिक्षा (नयाँ शिक्षा लागू हुनअघिका) मा कोर्समा पढ्नुपर्ने केही गहन पुस्तकहरू पनि थिए । अंग्रेजी साहित्यका ओ हेनेरी, रुसी उपन्यासकार लियो टाल्सटाय जस्ता उम्दा लेखकहरूका कथा, कविता र निबन्धहरूको सँगालो थियो । सँगसँगै तिनै ठाइँला काकाले लेखेका स्कुलकालीन कापीहरू यत्रतत्र छरपस्ट थिए, जसभित्र उहाँले बनाएका नोट र गरेका हिसाबका अनगिन्ती सूत्रबद्ध हलहरू शोकमग्नझैं देखिन्थे । तत्क्षण मेरो मनमा एउटा तस्बिर झुलुक्क उदायो, ठाइँला काकाको । धरानको ऊबेलाको त्यो छिमेकी घर अहिले साबुत छैन । भनिन्छ नि, घरको अन्तसँगै घरले धानेको इतिहास पनि मेटिन्छ । त्यहाँ त्यस्तै भएको छरु आँगनमा तुलसाको मठ छैन । बरन्डामा ढोकाको वरपर झुन्डिरहेका श्यामश्वेत फोटाहरू छैनन् । कुनैबेला काकाको सादा तस्बिर हेर्दा मसँग केही बोल्न खोजेजस्तो, केही भन्न खोजेजस्तो महसुस गर्थें म । तर, अब त्यहाँ ठाइँला काकाको त्यो तस्बिर र उहाँको सम्झना रगरग गर्दैन । मात्र म छु र मसँग छन् फगत बुइँगलमा उहाँका किताब र कपीका सम्झनाहरू र ती सम्झनाले मेरो जीवनमा छोडेका छापहरू । काकाको किताबखानाबाट मभित्र पढ्ने रहर झन्झन् हुर्किँदै गयो । अंग्रेजी, हिन्दी वा नेपाली जेसुकै होस् सकिनसकी कन्दै पढ्ने भएँ । भेटे र देखेजति किताब तानिहाल्ने अम्मली भएँ । आँखा नचिम्लिकनै पढ्थें । सम्भवतः ती काकाको रसायनले ममा कहीं न कहीं प्रभाव पारेको हुनुपर्छ । म काकाकै सिको गर्दै किताबमा आफ्नो नाम लेख्थें र दस्तखत धस्काउँथें । किशोरकालमा त्यो सबै गरिरहँदा मलाई लाग्थ्यो, ठाइँला काका मेरोछेउमा उभिएर मेरै दस्तखत चियाउँदै छन् । मैले बुझ्ने उमेरमा पुगिकन निकै ढिलो गरी थाहा पाएँ ती काकाले सानै उमेरमा त्यो बेलाको पुस्ताले आँकनेभन्दा धेरै शैक्षिक सिँढी उक्लिसकेका रैछन् । त्यो थाहा पाएपछि मेरो मनमा प्रश्नको ओइरो लाग्यो, बीसको दशकमा अंग्रेजीमा स्नातकोत्तर सकेका र कानुनमा बीएल गरेका ती काकाले काठमाडौंको सुखसयलको करिअर किन रोजेनन्? उल्टो त्यो समयको विकट भूगोलमा बसेर स्कुलमा पढाउने काम किन रोजे ? बुझिनसक्नुको यो यक्ष प्रश्न मसँग अझै जिउँदै छ । अन्ततः काभ्रेको त्यो गाउँमा शनिबार नुहाउने क्रममा डुबेर भोजपुर याकुबिर्ताका ती काकाले केवल पच्चीस बसन्तमै मास छर्न जानुपऱ्यो । ठाइँला काकाको ज्यान गुमेको पनि अब आधा शताब्दीभन्दा बढी भइसकेछ । विडम्बना, अहिले पनि गुमनाम छन् यी शिक्षायोगी । जसले उनलाई चिनेका थिए ती पनि मास छर्न हिँडिसके । जीवितै भएकाको विस्मृतिबाट पनि बिस्तारै मेटिँदैछन् यी गाउँसेवी । उनीसँगका र उनी पछि उदाएका पुस्ताका अरू धेरै सहर सेवीहरूले सहरलाई रोजे र राजधानीमै बसे । मुलुकले त्यस्ता कतिपयको लामो फेहरिस्त बनाएर बेलाबेला उनीहरूलाई सम्झिरहन्छ । गाउँ नबस्ने त्यस्ता सहर सेवीहरूको सतत् बखान गाउँछ । तिनले दिएका योगदानको बेलाबेलामा चर्चा गर्छ । इतिहास तिनकै बयानमा लेखिन्छ । तर, ती माड्साप काभ्रे जिल्लाको डेडीथुम्का पुगे । त्यो गाउँमा घामझैं उदाए र त्यहीं अस्ताए । फेरि कहिल्यै नउदाउने गरी । मलाई त कहिलेकाहीं यस्तो लाग्छ, अझ सुदूर पहाडमा कतै पढाउँदै होलान् ती माड्साप । यो समाज फेर्छु भन्दै पसिना काढ्दै गुड्डु दौडँदै होलान् । चुच्चे नाक, छिनेको जीउ र टर्च बालेर केही खोजिरहे जस्ता तिखा आँखा बोकेर कतै अविराम भिडिरहेका होलान् ती माड्साप । कुनै कुना-कन्दराको स्कुलमा बोर्डमा चक घोट्दै होलान् र अल्जेब्राको कुनै जटिल समस्याको हल सिकाउँदै होलान् । कुनै दूरदराजको कुनै जीर्णविदिर्ण विद्यालयमा वर्ड्सवर्थको 'द सोलिटरी रिपर' कविताको अर्थ फुराउँदै होलान् विद्यार्थीहरूलाई । हुन सक्छ, दुर्गम भेकको कुनै गएगुज्रेको कक्षाकोठामा चार्ल्स डिकेन्सको 'ग्रेट एक्सपेक्टेसन' उपन्यासको कुनै च्याप्टर छिचोल्न केटाकेटीहरूलाई सघाउँदै होलान् । ती यति चाँडो बिते कि पढाउने र समाजलाई ब्युँझाउने उनको धोको पुगेकै थिएन भन्ठान्छु म । एकतमाससँग म बहकिन्छु । अहिले आएर म पछुतो पनि मान्ने गर्छु घरिघरि । किन बुइँगलबाट मैले उद्धार गरेका काकाका ती किताबहरू केही समयपछि मैले पुनः त्यही बुइँगलमा छोडिआएँ ? कमसेकम आफूसँग राखिराखेको भए ती काकाका सजीव दस्तावेजहरू अहिले सुरक्षित भेटिन्थे कि ? पोहोरसम्म अज्ञात थियो ती काका कहाँ डुबेका थिए भन्ने । नवराज, म र केही अरू भएर धुइँपत्ताल खोज्यौं । हप्तौं खोज्दा पनि सूत्र फेला परेन । कसैले सुनकोशी भन्दिए । कसैले भुरेदह भन्दिए । सयौंपल्ट गुगल गरियो । केही पार लागेन् । काभ्रेतिरका चिनाजानी भएका अनगिन्ती साथीभाइहरूसँग सोध खोज गरियो । पत्तो लाउन सकिएन । आखिरमा ती काकीले जीवनभरि एउटा चिर्कटो कुनै जिनिसमा लुकाएर राखेको भेटियो । त्यसले त्यो गुमनाम ठाउँ खोज्न एकाएक सघायोरु त्यो चिर्कटो अर्थोक नभएर २०२९ साल जेठ २ गतेको 'गोरखापत्र' मा छापिएको पुरानो खबर थिएछ । 'दहमा डुबेर शिक्षकको मृत्यु' टाइटलको समाचार । एकदमै छोटो त्यो समाचारमा बस यत्ति लेखिएको थियो -'काभ्रे, ज्येष्ठ २ गते । स्थानीय डेडीथुम्का निम्न माध्यमिक विद्यालयका शिक्षक खगेन्द्रराज ढकालको गत शनिबार चाखोला वीसभुरे दहमा नुहाउँदा डुबी मृत्यु भयो-रासस । अचम्म लाग्छ, काकीले त्यो समाचार यत्तिका वर्ष कसरी जोगाएर राख्या होला ? सायद श्रीमान्को अन्तिम मायाको चिनो भनेर नै होला । त्यही चिर्कटो राखिदिएपछि यत्ता फेसबुकले त्यो ठाउँ खोजिदियो । दुई तीन दिनभित्रै । फेसबुकमा राखेको सूचना पढेका एक सह्रिदयी सज्जन रैछन् दीपक पौडेल, डेडीथुम्कावासी । उनले ती माड्सापको कथा उहिले सोही स्कुल पढ्दा केटाकेटी हुँदा मिथकझैं बारबार सुनेका रैछन् । लगत्तै केही दिनमै नवराजको समन्वयमा एक हूल हामी डेडीथुम्का तिर लाग्यौं । माड्साप बितेको बाउन्न सालपछिको त्यो दिन ।

*– साभार कान्तिपुर*

# ‘खर्क’ व्यवस्थापन रणनीति तयार गर्दै कर्णाली

■ नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०९



कर्णाली प्रदेशमा रहेका खर्क (गोठ) व्यवस्थापन गरी मनग्य आम्दानी लिन सकिनेगरी रणनीति तयार गर्नुपर्ने सरोकारवालाले सुझाव दिएका छन् । विशेषगरी प्रदेशका हिमाली जिल्लाका खर्कको व्यवस्थापन र संरक्षण गरी आम्दानी लिनेगरी रणनीति तयार गर्नुपर्ने उनीहरूको सुझाव छ । कर्णाली प्रदेश सरकारसँगको समन्वयमा अमेरिकी सहयोग नियोग ९ युएसएआइडी को जलजङ्गल परियोजना र एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र ९इसिमोड० ले प्रदेश राजधानी सुर्खेतमा आयोजना गरिएको खर्क व्यवस्थापन रणनीति र कार्ययोजना विषयक गोष्ठीमा वक्ताहरूले रणनीतिक सुझाव दिएका हुन् । इसिमोडका प्रतिनिधि डा सिर्जना जोशी र ग्लोबल इन्स्टिच्युट फर इन्टर डिसी प्लिनरी स्टडिजका निर्देशक डा उत्तमबाबु श्रेष्ठको प्रस्तुतिमाथि छलफल गर्दै सरोकारवालाले प्रदेशको खर्कमा नै अमूल्य स्रोत रहेकाले त्यसको यथोचित परिचालन र व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका हुन् । मध्यपश्चिम विश्वविद्यालय विज्ञान सङ्कायका डिन डा सुदीप ठकुरीले नेपालको बहुमूल्य स्रोतसाधन खर्कमा पाइने भए पनि उचित परिचालन हुन नसक्दा भनेअनुसारको आम्दानी लिन नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, “हाम्रा खर्कमा बहुमूल्य जडीबुटी, चरिचरन क्षेत्र छन्, ती स्रोतसाधनको हामीले उचित परिचालन गर्न सकेका छैनौँ, जसले गर्दा हामी अगाडि बढ्न सकेनौँ ।” कर्णाली प्रदेशमा अन्य प्रदेशको तुलनामा खर्क धेरै रहेको भन्दै विगतमा हिमाली क्षेत्रमा पशुपालन व्यवसाय धेरै भए पनि अहिले घट्दो क्रममा रहेको बताउनुभयो । खर्कलाई संरक्षण गर्दै कसरी उत्पादनमुखी बनाउने, त्यहाँबाट कसरी नाफा लिने भन्ने विषयमा खोज, अनुसन्धान गरेर रणनीति बनाउन आवश्यक रहेको ठकुरीले औँल्याउनुभयो । जलवायु परिवर्तनको असर हिमाली खर्कमा परिरहेको भन्दै उहाँले त्यहाँ पाइने बहुमूल्य जडीबुटीसमेत लोप हुन थालेकाले त्यततार्फ पनि सोच्नुपर्ने उहाँको सुझाव छ । पशु विकास निर्देशनालय कर्णाली प्रदेशका निमित्त निर्देशक कृष्ण पङ्गेनीले पनि खर्कबाट पशुपालन व्यवसाय सञ्चालन गरेर आम्दानीका स्रोत बढाउन सकिने भन्दै ती खर्कमा पाइने चरिचरनको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “अहिले जलवायु परिवर्तनको असर हाम्रा हिमाली खर्कमा परिरहेको छ, सबैभन्दा धेरै आम्दानी लिन सकिने ती खर्कको चरिचरन सङ्कटमा पर्न थालेकोतर्फ हामीले योजना बनाएर कार्यान्वयन गर्नुपर्छ भन्ने मलाई लागेको छ ।” उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशका वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा प्रमुख शेरबहादुर श्रेष्ठले खर्क व्यवस्थापनसम्बन्धी अब बन्ने रणनीतिको मोडालिटी कस्तो बनाउने भन्ने विषयमा व्यापक छलफल गरेर रणनीतिक योजना बनाउनुपर्ने बताउनुभयो । उहाँले वनसँग मात्र नभएर हरेक निकायसँग जोडिएको विषय भएकाले त्यहीअनुसारको मोडालिटी तयार गर्नुपर्नेमा जोड दिनुभयो । डोल्पाका डिभिजन वन कार्यालय प्रमुख मुनबहादुर रावतले कानुनी समस्या फुकाउने गरी अब बन्ने खर्क व्यवस्थापन समितिले काम गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले कुनै पनि काम गर्दा पहिलो जग कानुन हुने भन्दै तीन तहका सरकारको प्रतिनिधित्व हुनेगरी समिति बन्नुपर्नेमा जोड दिनुभयो । ग्लोबल इन्स्टिच्युट फर इन्टर डिसी प्लिनरी स्टडिजका निर्देशक डा उत्तमबाबु श्रेष्ठले कर्णालीका सात जिल्लामा खर्कको संख्या धेरै रहेको भन्दै ती खर्कमा पछिल्लो समय जलवायु परिवर्तनले असर गरिरहेको जानकारी गराउनुभयो । “कर्णालीका खर्कमा गरिएको अध्ययनमा जलवायु परिवर्तनका कारण कहिले पानी धेरै आउने, कहिले पानी कम आउनेलगायत समस्या बढिरहेकाले त्यहाँको जडीबुटीसँगै चरिचरनमा समस्या हुँदा समग्र इको सिस्टममा समस्या आउने चिन्ता छ । अर्कातर्फ जथाभावी सडक निर्माण हुँदा पनि खर्क जोखिममा परेका छन् । यसैका आधारमा नीति बनाउनुपर्ने आवश्यकता देखिन्छ”, उहाँले भन्नुभयो । कर्णालीमा रहेका खर्कमध्ये पाँच जिल्लामा मात्र ७६ प्रतिशत खर्क रहेको भन्दै त्यसमा पनि १० स्थानीय तहमा ४० प्रतिशत खर्क रहेकाले त्यस क्षेत्रमा ‘फोकस’ गरेर कार्यक्रम बनाउनुपर्नेमा श्रेष्ठले जोड दिनुभयो । उहाँले भन्नुभयो, “खर्क आम्दानीका मुख्य स्रोत हुन्, अझै भनौँ विदेशी मुद्रा आर्जन गर्ने उत्पादन हुने क्षेत्र हुन्, त्यहाँ पर्यटन व्यवसायसँगै पशुपालन, जडीबुटी उत्पादन र अन्य स्रोत छन्, तिनको संरक्षण गर्दै परिचालन गर्नसके समृद्धि खोज्न हामी कतै जानुपर्दैन ।” इसिमोडका प्रतिनिधि डा सिर्जना जोशी रिजालले पनि सन् २०१३ देखि खर्क व्यवस्थापन गर्नेगरी आफूहरूले काम गरिरहेको बताउँदै जलवायु परिवर्तन न्यूनीकरण गरेर खर्क व्यवस्थापन गर्ने योजना बन्न आवश्यक रहेको औँल्याउनुभयो । “जैविक विविधता बढ्दै छ”, उहाँले भन्नुभयो, “पानीका स्रोत पनि घट्दै छन्, जडीबुटीको संख्या पनि घट्दै छ, चरिचरन क्षेत्रमा समस्या परिरहेको अवस्थामा अब हामीले कस्तो रणनीति बनाउने सबैले सोच्नुपर्ने विषय बनेको छ ।” खर्क व्यवस्थापनका लागि अनुसन्धान धेरै हुनुपर्ने उहाँको भनाइ छ । युएसएआइडीका जलजङ्गल परियोजनाका प्रतिनिधि भूपेन्द्र शाहीले खर्कको बहुआयामिक फाइदा भएकाले उक्त परियोजनाले खर्क केन्द्रित कार्यक्रममा कर्णाली प्रदेश सरकारसँग मिलेर काम गरिरहेको बताउनुभयो । यता कर्णाली प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाले यस विषयमा नीति बनाउन प्रदेश सरकारले चासो देखाएकाले साझेदार निकायसँग मिलेर काम गरिने बताउनुभयो । उहाँले कर्णाली प्रदेशको आन्तरिक आम्दानी कमजोर भइरहेका बेला आम्दानीको मुख्य स्रोत खर्कमा पाइने स्रोतसाधन हुनसक्ने भन्दै त्यहीअनुसार नीति र योजना बनाएर अगाडि बढ्न मन्त्रालय तयार रहेको प्रतिबद्धता जनाउनुभयो । प्रदेश सरकारले पनि खर्क व्यवस्थापन गर्नेगरी नीति निर्माण गर्ने आफ्नो वार्षिक कार्यक्रममा समेत राखेको छ । कार्यक्रममा मध्य पश्चिम विश्वविद्यालय विज्ञान सङ्कायका उपप्रध्यापक शिवराज घिमिरेलगायत प्रदशेका १० वटै जिल्लाका डिभिजन वन कार्यालयका प्रतिनिधि लगायतको सहभागिता थियो ।

# तिहार अगावै रित्तिँदै बस्ती

■ नमस्ते समचारदाता
बाजुरा, कार्तिक/०९




बाजुरामा दसैँ सकिएसँगै यहाँका अधिकांश गाउँबस्ती पनि खाली हुन थालेका छन् । दसैँ मनाउन गाउँ आएका सबै दसैँ सकिएसँगै धमाधम कामको खोजीमा भारत जान थालेपछि यहाँका गाउँबस्ती खाली हुन थालेका हुन् । दसैँ मनाउन गाउँमा आएको र अहिले दसैँ मनाएर फेरि कामको खोजीमा भारत नै जान लागेको बुढीगङ्गा नगरपालिका-२, बजेडीका गोकुल लुहारले बताउनुभयो । उहाँले भन्नुभयो, “हामी नेपालीका लागि जस्तो दसैँ थियो, उस्तै दीपावली पनि हो तर के गर्ने गाउँमै बसेर पेट पालिँदैन । यहाँ केही गरौँ भन्ने सोच त आउँथ्यो । आफूसँग न धन छ न त केही गर्ने अन्य उपाय छ ।” यहाँ असोजको पहिलो हप्तादेखि अन्तिमसम्म गाउँ आउनेको निकै लहर थियो । गत बर्खाका दिन खाली भएका यहाँका गाउँबस्ती त्यतिबेला निकै भरिभराउ भएका थिए तर सबै परदेशी फेरि कामको खोजीमा भारत जान थालेपछि ती गाउँबस्ती तिहार आउनुअगावै खाली हुन थालेका छन् । असोजको पहिलो सातादेखि बाजुरा फर्किनेको संख्या निकै बढेको थियो भने यतिबेला बाहिरिनेको संख्या त्योभन्दा बढी छ । यहाँका मार्तडी, तिपाडा, बल्दे, बाम्का, बेतालमाण्डौँ, रिठा, मालिका र डाब बजारका बस काउन्टरमा यतिबेला भारतमा जानका लागि टिकट लिनेको निकै भिड हुने गरेको छ । अहिले प्रत्येक दिनमा बाजुरादेखि भारतमा जानेको निकै भिडभाड हुने गरेको बाम्का संयुक्त टिकट काउन्टरका जनक बुढाले बताउनुभयो । बाजुरादेखि अहिले पाँच वटा बस दैनिक भरिएर तल जाने गरेका छन् । यसमा झन्डै दुई सय जनाभन्दा बढीको हाराहारीमा यात्रु हुन्छन् । तीमध्ये सबैभन्दा बढी भारतमा जाने यात्रु रहेको बुढाले बताउनुभयो । यहाँका हिमाली, जगन्नाथ, स्वामीकार्तिक, बडीमालिका, गौमूल, बुढीगङ्गा, त्रिवेणी र खप्तड छेडेदह गाउँपालिकालगायतका स्थानीय भोको पेट पाल्नकै लागि कामको खोजीमा बर्सेनि भारतमा जाने गर्छन् । असारको महिना खेती लगाउन आउने र त्यसपछि भारत जाने र फेरि दसैँतिहारको बेला घरमा आउने चलन पहिलेदेखि अहिलेसम्म उस्तै छ । बाजुरादेखि बाहिरिनेमध्येमा करिब पाँच प्रतिशत जति खाडी मुलुकमा जाने गरेको भए पनि ९५ प्रतिशत भने रोजगारी गर्नका लागि भारतमा जाने गरेका छन् । पछिल्लो सयम बाजुराका नौ वटै स्थानीय तहमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सञ्चालनमा छन् । यो कार्यक्रमले यहाँका अधिकांश बेरोजगारलाई गाउँमै रोजगारी दिने गरेको स्थानीय सरकारका स्वरोजगार संयोजक बताउँछन् । यहाँका १८ वर्षदेखि ५९ वर्षका झन्डै पाँच सय युवकयुवतीले बर्सेनि गाउँमै रोजगारी पाउने गरेको जगन्नाथ गाउँपालिकाका रोजगार संयोजक लक्ष्मण जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिला यहाँ प्रधानमन्त्री स्वरोजगारी कार्यक्रम मात्र सञ्चालन थियो । २०६७ देखि गाउँमा भएका बेरोजगार युवालाई रोजगारी दिने गरी स्थानीय सरकारले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरेको छ ।” यी कार्यक्रमले यहाँका सबै बेरोजगारलाई गाउँमै रोजगारी दिन नसके पनि एक वर्षमा झन्डै पाँच सयभन्दा बढीले गाउँमै रोजगारी पाएको संयोजक जोशीले बताउनुभयो । प्रधानमन्त्री स्वरोजगारमा काम पाएकाले एक जनाले एक वर्षमा झन्डै ६६ हजार छ सय रुपियाँ पाउने गर्दछन् । यो पैसाले यहाँका स्थानीयलाई घर धान्न निकै सहज बनाएको जोशीले बताउनुभयो ।

## पर्यटन...

ताल निर्माण योजना अन्तर्गत लिफ्ट सिँचाइ आयोजना निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ । हालसम्म लिफ्ट सिँचाइ निर्माणको ९७ प्रतिशत काम सकिएको ऊर्जा विकास निर्देशनालयले जनाएको छ । २०८१ जेठ १६ गते ठेक्का सम्झौता गरी लिफ्ट सिँचाइ निर्माणको काम सुरु गरिएको थियो । २०८२ असारसम्म काम सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । निर्माण अवधि अगावै निर्माणको काम सम्पन्न हुने निर्देशक भट्टराईले बताए । तीन करोड ६० लाख लागतमा लिफ्ट सिँचाइ आयोजना निर्माण गर्न लागिएको हो । ३० हेक्टर क्षेत्रफलमा सिँचाइ पुर्‍याउने लक्ष्य अनुरूप आयोजना निर्माण गर्न लागिएको छ । उक्त आयोजना अन्तिम चरणमा पुगेपछि यहाँका किसान हर्षित भएका छन् । आयोजना निर्माणपछि व्यावसायिक तरकारी खेती गर्न कृषकलाई सहज हुने छ । ६० मिटर उचाइबाट पानी खसालिने छ । तीन वटा भण्डारण ट्याङ्की निर्माण गरिने बताइएको छ ।

## अनुत्पादक...

यस्तै यिनै कन्स्ट्रक्सनबाट भैँसीगौडा-चिल्खाया सडक मर्मतको भुक्तानी कर छली गरेको भन्दै अर्को शीर्षकमा दुई लाख ९७ हजार १९९ रुपियाँ असुल गर्न भनेको छ । यस्तै नगरपालिकाको पशु शाखा प्रमुख हरिचन्द भण्डारीले विभिन्न शीर्षकमा अनियमितता गरेकाले प्रतिवेदनमा उल्लेखित रकम असुलउपर गर्न ताकिता गरेको छ । यस्तै नगरपालिकाले खेलकुद प्रतियोगिता सञ्चालन गर्दा खेलाडी एम्पायरलाई पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । प्रतियोगितामा सहभागी भएका १८ जनालाई पारिश्रमिक भुक्तानी दिँदा अग्रिम कर दाखिला नगरेकाले ९९ हजार ९२७ रुपियाँ असुलउपर गर्न भनेको छ । कृषि शाखाले २०८० असार ५ गते सञ्चालन गरेको मौरीपालन तालिममा सहभागीलाई खाना, खाजा प्रतिव्यक्ति एक हजार र यातायातबापत खर्च भुक्तानी गरेको भए पनि उक्त मितिमा तालिममा सहभागीलाई खाजाबापत भनेर ४४ हजार ५२० भुक्तानी गरेकाले उक्त रकम होटेलबाट असुल गर्न भनिएको छ । नगरका तीन वडाध्यक्षबाट पाँच लाख ३५ हजार पाँच सय असुलउपर गर्न भनिएको छ । बोका वितरणका लागि वडा नं १, ३ र ८ का वडाध्यक्ष मनबहादुर बुढा, सूर्यबहादुर शाही र तिलकप्रसाद न्यौपानेलाई प्रतिव्यक्ति एक लाख ७८ हजार पाँच सयका दरले भुक्तानी गरेको देखिएकाले उक्त रकम उनीहरूबाटै असुल गर्न महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमा उल्लेख गरेको छ । नगरका पाँच विद्यालयले बढी पाठ्यपुस्तक खरिद गरेको भनी बढी भुक्तानी लिएकाले ४८ हजार ३६७ रुपियाँ विद्यालयबाट असुलउपर गर्नुपर्ने छ । यस्तै सङ्घीय ऐनले तोकेको भन्दा फरक नगरपालिकाले मनोमानी विद्यालयका सहयोगी, बालविकास केन्द्रका शिक्षकलाई भुक्तानी दिएको १० लाख ५८ हजार रुपियाँ पनि असुल गर्न भनेको छ । यस्तै विभिन्न निमाण सेवा र फर्मलाई भुक्तानी दिएको दस लाख पनि असुल गर्न भनेको छ । यता नगरप्रमुख शङ्करप्रसाद उपाध्यायले काम भएको तर बिल भर्पाई नपुगेकाले महालेखाले बरुजु लेखेको हुन सक्ने बताएका छन् ।



## स्थानीयतहमा बेरुजु मौलाउँदो

# अनुत्पादक क्षेत्रमा बढी खर्च गधा खरिदमा समेत अनियमितता

नमस्ते समचारदाता
कालीकोट, कार्तिक/०९



नेपालमा राज्यसत्ताको पुनः संरचना गरे पश्चात स्थानीय तहरुलाई स्थानीय सरकार कै रुपमा काम गर्ने गरी कानूनी प्रबन्ध गरियो । स्थानीय तह सञ्चालन ऐन २०७४को प्रावधान अनुसार नेपालका ७५३ स्थानीय तहहरु अधिकार सम्पन्न भए । तर अहिले सम्म पनि सबै स्थानीय तहहरु संघीय सरकारले दिने अनुदान कै भरमा चलिरहेका छन् । राजश्व बाँडफाँडमा समेत अझै स्पष्टता हुन सकेको छैन भने कतिपय ऐन कानूनहरु संघले नबनाइदिएका कारण स्थानीय तहहरुका एकल अधिकारका ऐन तथा स्थानीय सरकार र प्रदेश सरकार बिचका साझा अभिकारका ऐनहरु समेत बन्न सकिरहेका छैनन् । स्थानीयमा सोझै धेरै बजेट जान थाले पश्चात स्थानीय तहहरु छोटे राजाहरुका सिंहदरबार भए भनेर जनताले टिप्पणी पनि गर्न थालेका छन् । जनताले टिप्पणी गर्ने प्रसस्त प्रमाणहरु स्थानीय तहमा देखिएका छन् । स्थानीय तहका आफ्नो आम्दानी हुने कुनै कार्यक्रम बनाउन नसक्नु तर जनतालाई अनेकौं विषयमा अनेकौं शिर्षकमा कर लगाएर राजश्व उठाएको देखाउने प्रवृत्ति पनि बद्दै गैरहेको छ। कर्णाली प्रदेशको कालीकोट जिल्लाको तिलागुफा नगरपालिकाको एक आ.ब.को कुल बेरुजु ११ करोड ८३ लाख ६३ हजार रहेको छ। विविध शीर्षकमा नियम बिपरित खर्च गरेको हालै महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ । नगरपालिकाले अनुगमन तथा भ्रमण खर्च मात्र ३३ लाख ८८ हजार ५१७ रुपियाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ । नगरपालिकाले १३ लाख ५७ हजार २२४ रुपियाँ पत्रपत्रिकाको सूचनामा खर्च गरेको छ। १५ लाख सार्वजनिक यातायातमा र १५ लाख इन्धनमा खर्च गरेको छ । यी शीर्षकलाई हेर्दा नगरपालिकाले अनुत्पादक क्षेत्रमा बढी खर्च गरेको महालेखाको प्रतिवेदनमा लेखिएको छ । तिलागुफा नगरपालिकाले ११ लाख खर्च गरेर गधा खरिद गरेको बिल भर्पाई पेस गरेको छ । पशु शाखा प्रमुख हरिचन्द भण्डारीले बाख्रा तथा गधा खरिदका लागि भनेर आठ लाख ८० हजार पेस्की लिएको र खरिदको ११ लाख बिल पेस गरेको महालेखा प्रतिवेदनमा उल्लेख गरिएको छ । भण्डारीले खरिदमा अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने रकम २२ हजार ५८३ रुपियाँ दाखिला नगरेकाले असुलउपर गर्न भनिएको छ तर गधा बाँडिएको भनिएका वडाहरुमा कुनै पनि किसानले गधा नलिएको बताएका छन् । नगरपालिकाले जुन वडामा गधा वितरण गरेको भनेको छ ती वडाका किसानलेआफूहरुले गधा नपाएको जनाएका छन् । नगरपालिकाले हचुवाका भरमा ३२ लाख ३३ हजार भुक्तानी गरेकाले असुलउपर गर्नुपर्ने छ । एक करोड १० लाख तीन हजार रुपियाँ अनियमित भएको पाइएको छ। आर्थिक वर्ष २०७९/८० को बेरुजु रकम एक करोड ९० लाख ९३ हजार रहेको छ । नगरपालिकाले ३८ लाख पाँच हजार रुपियाँ कुनै पनि कागजपत्र पेसबिना भुक्तानी गरेको पाइएको छ । कुल बेरुजु ११ करोड ८३ लाख ६३ हजार रहेको छ । नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को ८ विपरीत ११ जना कर्मचारी नियुक्ति गरेर ४७ लाख ४८ हजार ७८३ रुपियाँ खर्च गरेको छ। ऐनको दफा २४ मा स्थानीय तहले उपयोगिता हुने गरी अधिकतम प्रतिफल दिने गरी योजनाको छनोट गर्ने व्यवस्था छ तर नगरपालिकाले विभिन्न संस्था तथा व्यक्तिलाई खाना, खाजाबापत एक वर्षमा ४९ लाख ५२ हजार खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ । महालेखाले यस्ता खर्चमा कटौती गर्न र स्थानीय तहलाई प्रतिफल दिने योजनामा विशेष ध्यान दिन भनेको छ । प्रदेश मेला तथा देउडा खेल व्यवस्थापन खर्चका लागि नगरप्रमुख शङ्करप्रसाद उपाध्यायको सिफारिसमा छ लाख ३० हजार खर्च भएको छ। आर्थिक वर्ष २०७९/८० मा तिलागुफा नगरपालिकाले हचुवाका भरमा भुक्तानी दिएको ३२ लाख ३३ हजार रुपियाँ असुलउपर गर्नुपर्ने देखिएको छ। नगरपालिकाले दीप कन्स्ट्रक्सन र एमडी कन्स्ट्रक्सनबाट ८९ हजार १६० रुपियाँ असुल गर्न भनिएको छ। *बाँकी ३ पेजमा...*

# अत्याधिक भारबाहनको भएका ट्रिपरको प्रयोगले सडक जिर्ण

नमस्ते समचारदाता
बाँके, कार्तिक/०९



नेपालगञ्ज उपमहानगरपालिका-१६ स्थित आईसीपी निर्माणका लागि माटो बोक्ने टिप्परको चौलिका चौकदेखि डुडुवा सम्मको कारण कालोपत्रे गरिएको सडकखण्ड जीर्ण बनेको छ । कालोपत्रे गरिएको उक्त सडक ओभरलोड बोकेर गुड्ने टिप्परका कारण हाल कालोपत्रे उम्किएर अधिकांश स्थानमा खाल्डाखुल्डीमा परेको छ भएको छ । खाल्डाखुल्डीसँगै बर्षातको समयमा पानी परेपछि नागरिकलाई जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ। डुडुवा गाउँपालिका वडा नं. ६ का अध्यक्ष मोहनराम मिश्रले ठुला सवारीसाधन चले पनि खाल्डाखुल्डीका कारण साना साधन कार, मोटरसाइकल, अटो लगायतका सानना सवारी साधनमा यात्रा गर्न समस्या हुने गरेको बताए। नेपालगञ्जको चौलिका चौकदेखि करिब ११ किलोमिटर सडक कालोपत्रे उप्किएर जिर्ण भएकाले सो बाटो भएर ट्रिपरमा सामाग्रीहरु ओसार्ने निर्माण व्यवसायीले सडक बनाउनुपर्ने स्थानीयले अडान लिएका थिए । त्यसका लागि पटक-पटक माटो बोकेको टिपर रोकेर डुडुवा ६ का स्थानीयले आन्दोलनसमेत गरेका थिए । तर बाँकेका तत्कालीन प्रमुख जिल्ला अधिकारी र बाँकेका तत्कालीन प्रहरी प्रमुखले आइसीपी निर्माण बाँकेकै गौरवको आयोजना भएकोले टिपर नरोक्न स्थानीयहरुसँग आग्रह गर्दै ठेकेदार कम्पनीले सडक मर्मत गरिदिने आश्वासन दिएका थिए। त्यतिबेला आइसीपी निर्माणको ठेक्का पाएको भारतीय कम्पनीका डाइरेक्टरले भत्किएको /उप्किएको सडकको मर्मत गरिदिने मौखिक सम्झौता गरेको डुडुवा ६ का वडाध्यक्ष मिश्रले बताए। तत्काल कोभिडको बेला रहेकोले कोरोनाबाट उक्त कम्पनीका डाइरेक्टरको मृत्यु भएपछि अन्य कर्मचारीले वास्ता नगरेको वडाध्यक्ष मिश्रको भनाई छ। उक्त निर्माण कम्पनीको अर्को व्यक्तिसँग कुरा गर्दा सो बारेमा आफुहरुलाई केही जानकारी नभएको बताएको वडाध्यक्ष मिश्रले जानकारी दिए । जीर्ण बनेको सडकका विषयमा पटक-पटक सम्बन्धित पक्षसँग छलफल भएपनि ओभरलोड बोक्ने टिप्पर नियन्त्रणमा कसैको ध्यान नपुगेको उनको भनाई छ। माटो, ढङगा बोकेका ओभरलोड बोकेर टिपरहरु उक्त सडकमा दिनहुँ चलेको स्थानीयहरुको भनाई छ । ओभरलोड बोकेका गाडी गुडेकै कारण सडक बिग्रिएको, खाल्डाखुल्डीसँगै धुलाम्मे भएको भन्दै डुडुवा ६ का जनता आक्रोशित भएका छन्। समयमै सडक मर्मत नगरिए नेपालगञ्ज उपमहानगरसँग जोडिएको डुडुवा गाउँपालिकाको नयाँ बस्ती जोड्ने सडक खाल्डाखुल्डी भएका कारण दुर्गम हुने डुडुवा ६ का स्थानीय ओरीलाल मुराउको भनाई छ।

# प्रहरी ऐन कार्यान्वयन गर्ने कानून मन्त्रीको दाबी



नमस्ते समचारदाता
दाङ, कार्तिक/०९

लुम्बिनी प्रदेश सरकारका नवनियुक्त आन्तरिक मामिला तथा कानुनमन्त्री आदेश कुमार अग्रवालले पदभार ग्रहण गर्दै प्रहरी समायोजन ऐन कार्यान्वयन गराउने प्रतिबद्धता गरेका छन् । प्रदेश प्रहरी समायोजनका लागि संघीय सरकार गृह मन्त्रालयलाई अनुरोध गर्ने र विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन टोल फ्री तथा हटलाइन सेवा सञ्चालन गर्ने दुई वटा निर्णयमा हस्ताक्षर गरेको मन्त्रालयका सूचना अधिकारी गंगाधर पाण्डेले जानकारी दिएको हुन् । लुम्बिनी प्रदेशमा प्रदेश प्रहरी ऐन-२०७९ निर्माण भइसकेको छ । तर, यो ऐन अझै सम्म कार्यान्वन हुन सकेको छैन । नेपाल प्रहरी प्रदेशमा समायोजन गर्नेगरी संघीय सरकारले ऐन अघि नबढाएकाले प्रदेशले निर्माण गरेको ऐन कार्यान्वयनमा आउन नसकेको हो । नवनियुक्त आन्तरिक मामिला तथा कानुन मन्त्रीले प्रदेश प्रहरी समायोजन ऐन कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । संविधानको अनुसूची-६ मा प्रदेशको अधिकारको सूचीअन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा रहेको छ। प्रदेश सरकार कार्यविभाजन नियमावली २०७९ मा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको क्षेत्राधिकार भित्र प्रदेश शान्ति सुरक्षा, सुव्यवस्था सम्बन्धी नीति, मापदण्ड र योजना तथा कार्यान्वयन गर्ने, प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन गर्नेसम्बन्धी व्यवस्था रहेको छ।

# आमा गइन छोराको लास बोकेर मलामी

नमस्ते समचारदाता
हुम्ला, कार्तिक/०९



महिलाहरु मलामी जान हुँदैन भन्ने मान्यलाई चुनौति हुम्लामा एक आमाले आफ्नै छोराको लास बोकेर मलामी गएकि छिन् । महिलाले लाश बोक्न, मलामी जान हुँदै भन्ने सामाजिक मान्यतालाई तोड्दै हुम्लामा ती आमाले आफ्नो छोराका शव बोकेकी छन् । जिल्लाको सिमकोट गाउँपालिका-५ की विष्न रावतले युवा अवस्था मै निधन भएको आफ्नो छोराका लाश बोकेर सामाजिक मान्यतालाई चुनौती दिएकी हुन्। शुरुमा सामान्य रुघाखोकी मात्र लागेको छोरालाई बिस्तारै रुघाखोकी जटिल हुँदै निमोनिया भएर पश्चात उनलाई जिल्ला अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालमा उपचारकै क्रममा छाराको मृत्यु भएपछि भावविह्वलमा रहेकी आमाले छोराको लाश बोक्न अनुरोध गरेपछि पुरुष मलामीहरुले पनि आमालाई छोराको लाश बोक्न दिएका थिए । उनका छोरा ज्ञान रावतको उमेर ४१ वर्ष मात्र भएको थियो । अहिले पनि हुम्लामा महिलाले लाश बोक्न नहुँने र मलामी पनि जान नहुँने सामाजिक मान्यता रहेको छ । यद्यपि, यस्तो चलनलाई चिर्दै रावतले छोराको लाश बोकेर घाट लगेकी हुन्।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके